# नेपाल रेडक्रस सोसाइटीको समग्र अवस्थाको सम्बन्धमा
# जारी गरिएको
# श्वेतपत्र (White Paper)

नेपाल रेडक्रस सोसाइटी, केन्द्रीय तदर्थ कार्यसमिति

केन्द्रीय कार्यालय, रेडक्रसमार्ग, काठमाडौं ।

पोष्ट बक्स नं २१७, फोन : + ९७७-०१-४२७०६५०, ४२८५०८९

फ्क्याक्स : + ९७७-०१-४२७१९१५

इमेल : nrcs@nrcs.org, info@nrcs.org

जारी मिति : २०७७।०६।११

## क) पृष्ठभूमि

नेपाल रेडक्रस सोसाइटी (नेरेसो) वि.सं. २०२० साल भाद्र १९ गते स्थापना भई हाल ५८ वर्ष पार गर्दै गर्दा मानवीय सेवामा आफूलाई अब्वल बनाउँदै निरन्तर सेवा प्रदान गर्दै आएको कुरा सबैलाई अगवत नै छ । तर, यसको आन्तरिक सांगठनिक सुशासनको सन्दर्भमा विगत केही वर्षदेखि उतार चढावहरू आइरहेका छन् ।

तत्कालीन केन्द्रीय कार्यसमितिले संस्थालाई वैधानिक र प्रणालीगत रूपमा सञ्चालन गर्न नसकेको परिस्थितिमा २०७७ साउन १२ गते बसेको मन्त्रीपरिषद्को बैठकले नेपाल रेडक्रस सोसाइटीको तत्कालीन केन्द्रीय समितिलाई विघटन गरी ३३ सदस्यीय केन्द्रीय तदर्थ कार्यसमिति गठन गरेको थियो । यस तदर्थ समितिले संक्रमणकालीन अवस्थामा कार्य सुरू गरेको छ ।

तदर्थ समितिले कार्य प्रारम्भ गर्दा विभिन्न समस्याहरू विद्यमान छन् । नेरेसोको स्वामित्वमा रहेका चल अचल सम्पत्तिहरूको एकीकृत अभिलेखीकरण नभएको, जिन्सी सामानहरूको अभिलेखीकरण प्रणाली पनि चुस्तदुरूस्त नभएको, लेखा परीक्षण प्रतिवेदनमा शाखा र उपशाखाहरूको आर्थिक कारोबारलाई समेट्न नसकेको अवस्था छ । वैदेशिक सहयोगमा सञ्चालित परियोजनाहरूलाई समाज कल्याण परिषद् तथा नेपाल सरकारको सम्बन्धित निकायबाट स्वीकृत गराउनु पर्नेमा ती अधिकाँश परियोजनाहरू स्वीकृत नगराई कार्यान्वयन गरिएको कुरा स्वयं वैदेशिक सहायता नियमन गर्ने निकाय समाज कल्याण परिषद्ले औंल्याएको छ । यिनै विविध कारणहरूले गर्दा नेरेसोको दर्ता नवीकरण हुन नसकी संस्थाको बैधानिकता माथि प्रश्न उठेको अवस्था छ ।

नेरेसो केन्द्रबाट सञ्चालित परियोजनाहरू अन्तर्गत गरिएका खरिद प्रक्रियाहरू संस्थाका नियमावली र प्रचलित कानुनअनुसार नभएको र निर्णय गर्ने पदाधिकारीहरूको स्वार्थ बाझिएको कुरा पनि छानबिन कार्यदलहरूले औंल्याएका छन् । कतिपय परियोजनाहरू जस्तैः केन्द्रीय गोदामघरहरू निर्माणका लागि जग्गा खरिद र भवन निर्माण, केन्द्रीय रक्त सञ्चार भवन निर्माण, विभिन्न जिल्लामा सञ्चालित खानेपानी योजनाको सामग्री सप्लाई आदि विषयहरू व्यक्तिको स्वार्थमा गरिएको भनी प्रश्न उठेको अवस्था छ । त्यस्तै, सवारी साधनलगायतको सुविधा तथा स्रोत- साधनहरूको उपयोगमा स्पष्ट मापदण्ड पालना नभएको सवाल समेत सरोकारवालाहरूबाट आएका छन् । यी विविध विषयहरूमा आमसञ्चार माध्यमबाट उठाइएका जिज्ञासालाई उचित सम्बोधन गर्नुपर्ने अवस्था छ । संस्थामा विधि र पद्धतिको विकास गर्दै नेरेसोलाई थप जवाफदेही, सुशासनयुक्त र पारदर्शी बनाउदैं लानु पर्ने छ । त्यस्तै सरकारका निकायहरू, प्रदेश तथा स्थानीय सरकार, दातृ निकाय, साझेदार र सरोकारवाला निकायसँगको सम्बन्धलाई पनि अझै प्रभावकारी बनाएर सुमधुर सम्बन्ध कायम गर्नुपर्ने छ ।

केन्द्रीय पदाधिकारीहरूले दैनिक कार्य सञ्चालन गरेकोले नीतिगत तह (Policy) र कार्यान्वयन तह (Implementation) नछुट्टिदाँ संस्थाको सुशासनमा समस्या आएको कुरा रेडक्रसको अन्तर्राष्ट्रिय महासंघलगायत सरकारले गठन गरेका छानबिन समितिहरूले उल्लेख गरेका छन् । नेरेसोको विधान समावेशी र समय सापेक्ष नभएको कुरा समेत उल्लेख गरिएको छ । जसका लागि रेडक्रसको कानुनी आधारलाई सुदृढ बनाउनु पर्ने छ ।

उल्लिखित परिस्थितिमा २०७७ साउन १८ मा पद वहाली गरी कार्य सुरू गरे पश्चात् सुसञ्चालनको लागि चालिने केन्द्रीय तदर्थ कार्यसमितिका कदमहरूको बारेमा सबैलाई सुसूचित गराउने प्रयत्नस्वरूप यस समितिले यो श्वेतपत्र सार्वजनिक गरेको हो । सरोकारवाला संघसंस्था, साझेदार, नेरेसोका देशभरका निकायहरू, सदस्य तथा स्वयंसेवकहरू र आमसञ्चार जगतलाई संस्थाको विद्यमान अवस्थाबारे यथार्थ जानकारी दिन यो श्वेतपत्रले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । नेरेसोको वर्तमान सांगठनिक, प्रशासनिक तथा आर्थिक अवस्था र अन्य स्रोत साधनको प्रयोग, भवन, जग्गा, गोदामघरहरू र संस्थागत चालु गतिविधिहरूको हालको अवस्थालाई यस श्वेतपत्रमा उल्लेख गरिएको छ । कोभिड-१९ को कारण मुलुकभर भएको लकडाउन र असहज परिस्थितिमा यो श्वेतपत्र बनेकोले नेरेसोका केही पक्षहरूलाई संक्षिप्तरूपमा मात्र उल्लेख गरिएको छ ।

## ख) यो तदर्थ कार्यसमिति संस्थागत अवस्था सुधार गर्न निम्नअनुसारका प्रतिवद्धताहरू जाहेर गर्दछ :

नेपाल सरकारले दिएको जिम्मेवारी पूरा गर्न यो समिति कटिबद्ध छ । संस्थाका गतिविधिमा पारदर्शिता, जवाफदेहिता, सहभागिता, स्वयंसेवी भावना तथा व्यवहारलाई सुनिश्चित गर्दै संस्थाको सुशासनलाई प्रवर्द्धन गर्न र देखिएका चुनौतीहरू तथा समस्याहरूलाई समाधान गर्न यो केन्द्रीय तदर्थ समिति प्रतिबद्धता व्यक्त गर्दछ ।

१) संस्थाको अस्तित्व कायम गर्न र जीवन्तताका लागि दर्ता नवीकरण गरिने छ । विद्यमान विधान संशोधन तथा प्रमाणीकरण गर्दा देखिएका त्रुटीहरूलाई सच्याई वैधानिक अस्पष्टता हटाइने छ । विश्वका धेरै मुलुकमा जस्तै राष्ट्रिय कानुन बनाई रेडक्रस सञ्चालनको लागि स्पष्ट कानुनी आधार खडा गर्न पहल गरिने छ ।

२) संस्था नवीकरण नभई निर्वाचन हुन सक्ने अवस्था देखिदैन । तसर्थः संस्था नवीकरण पहिलो प्राथमिकतामा राखिएको हो । जसको थालनीस्वरुप जिल्ला शाखाहरूलाई आवश्यक कागजात उपलब्ध गराउन पत्राचार भइसकेको र सम्पूर्ण आवश्यक कागजात प्राप्त भएपश्चात् संस्थालाई विधिसम्मत सञ्चालन गर्न संस्था नवीकरण गरिने छ । साथै, केन्द्रीय कार्यसमितिले निर्वाचनको मिति आगामी असोज २९ र ३० गतेका लागि तोकी सकेको छ । निर्वाचन समाप्तिपछि निर्वाचनबाट आउने कार्यसमितिबाट संस्थाको सञ्चालन हुनेछ । यो निर्वाचनपूर्व संस्था नवीकरण, कर चुक्ता, समाज कल्याण परिषद्मा कार्यक्रम स्वीकृति, अनुमोदन तथा अनुगमनजस्ता कानुनी, वैधानिक विषयहरूमा रहेका समस्याहरू टुंग्याउनु अत्यन्तै आवश्यक भएकोले सो तर्फ तदारूकताका साथ काम गरिने छ ।

३) नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय, समाज कल्याण परिषद्, सञ्चार जगत र दातृ निकायहरूलगायत अन्य निकायसँगको सम्बन्धलाई थप सुमधुर बनाइने छ । अन्तर्राष्ट्रिय संघसंस्था तथा रेडक्रस अभियानका अभिन्न अंगहरू (रेडक्रसको अन्तर्राष्ट्रिय समिति, अन्तर्राष्ट्रिय महासंघ र सहयोगी राष्ट्रिय सोसाइटी) सँगको सम्बन्ध र सहयोगमा बृद्धि गर्न विश्वसनियतालाई बढाउँदै लगिने छ ।

४) हरेक तहमा विधानको परिपालनमा जोड दिई दैनिक कार्य सञ्चालनमा सुशासन र जिम्मेवारीपनको प्रत्याभूति दिइने छ । नेपाल सरकारका विभिन्न निकायहरू, जिल्ला प्रशासन कार्यालय, समाज कल्याण परिषद्लगायतबाट विगतमा भएका छानवीन प्रतिवेदनको अध्ययन, विश्लेषण, सहजीकरण र कार्यान्वयन गरिने छ ।

५) स्वयंसेवक र सदस्यहरूलाई उचित परिचालन र अभिलेखन गर्दै गुणात्मक र संख्यात्मक वृद्धि गर्न कदम चालिने छ । साथै नेपालको संविधानको मर्मवमोजिम संस्थाको हरेक तहमा महिला सहभागिता बैधानिक तवरबाटै सुनिश्चित गरिने छ ।

६) संस्थाका निकायहरूलाई देशको संघीय संरचना अनुकूल बनाउने र प्रदेश समितिलाई पनि साधन स्रोत सम्पन्न बनाई थप सुदृढ बनाउँदै जानु अपरिहार्य भएकोले विद्यमान सांगठनिक र प्रशासनिक संरचनालाई पुनराबलोकन गरिने छ । स्वयंसेवक तथा कर्मचारीहरूको स्पष्ट कार्यविवरण, कार्यसम्पादन मुल्याङ्कन तथा अनुगमन, सुरक्षा व्यवस्था, सेवा सुविधामा एकरूपता र उत्प्रेरणाको क्षेत्रमा आवश्यक सुधारात्मक कदम सुरू गरिने छ । त्यस्तै प्रदेश, जिल्ला र उपशाखा तहमा प्रशासनिक व्यवस्था सुधार र परिणाममुखी व्यवस्थापनको रणनीति अवलम्बन गरी जनशक्तिलाई उपयुक्त जिम्मेवारी दिइने छ। संस्थागत गतिविधिहरूमा जिम्मेवारी र अधिकारको विकेन्द्रीकरण तथा निक्षेपणलाई जोड दिइनेछ । यसो गर्दा उत्तरदायित्व र जवाफदेहिता सुनिश्चित हुने उपायहरू अवलम्बन गरिने छ ।

७) गतिविधिहरूको सुसञ्चालनका लागि आवश्यक नियमावलीको खाँचोलाई परिपूर्ति गरिने छ। नेपाल सरकारका विभिन्न नियमावलीसँग सादृश्य हुने गरी संस्थाका नियमावलीहरू र विनियमहरू संशोधन वा तर्जुमा गरिने छ ।

८) नीतिगत तह (Policy) र कार्यान्वयन तह (Implementation) को भूमिकालाई पनि स्पष्ट पारी केन्द्रीय कार्यालयबाट असल अभ्यासको सुरूवात गरिने छ । सबै तह र निकायमा सहभागिता र समावेशिताको सिद्धान्तलाई अंगीकार गरिने छ । जवाफदेहिताको ढाँचा तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

९) संस्थाको छवि सुधार गर्नेतर्फ स्पष्ट कदम चालिने छ । अग्रपंक्तिमा खटिएका स्वयंसेवक र कर्मचारीहरूबाट गरिएका सकारात्मक र मानव सेवाका गतिविधिहरूको अभिलेखन, अनुसन्धानहरू तथा सञ्चार माध्यमबाट प्रचारप्रसार गरी यथार्थतालाई स्पष्ट पारिने छ ।

१०) स्थिर सम्पत्तिहरूको उचित अभिलेखन र भण्डारण उचित तरिकाले गर्ने कार्य तत्कालै सुरू गरिने छ । कर्मचारीको बिदा उपदानलगायतको दायित्वको स्पष्ट विवरणहरू तयार गरिने छ । सवारी साधनहरूको समयमै नवीकरण र राजस्वसम्बन्धी काम कडाइका साथ पालना गरिने छ ।

११) संस्थाको आन्तरिक स्रोत परिचालनको उचित व्यवस्थापनका उपाय अवलम्बन गरिने छ र अनावश्यक संरचना र खर्च कटौती गरिने छ ।

१२) भवन निर्माण र जग्गा खरिद सम्बन्धमा प्रकृया त्रुटीपूर्ण रहेको, अपारदर्शी भएको भनी विभिन्न छानवीन समितिहरूले उठाएका विषयका सम्बन्धमा उचित ध्यान दिई अध्ययनका सुझावलाई विश्लेषण गरी क्रमशः कार्यान्वयन गर्दै लगिने छ ।

१३) संस्थाले सञ्चालन गर्दै आएका सेवा र विकास कार्यक्रमहरूको प्रभावकारिता अभिबृद्धिमा ध्यान दिइनेछ । कर्णाली प्रदेशमा विपद् प्रतिकार्य र सामग्री भण्डारणको लागि पूर्वाधार विकासको पहल गरिने छ ।

१४) विपद् पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्यलगायतको क्षेत्रमा नेपाल रेडक्रसलाई सरकारको सहयोगी संस्थाको रूपमा थप विकसित गरिने छ ।

१५) रगतको माग र आपूर्तिमा सामान्जस्यता कायम गरी रगत अभाव देखिने समस्यालाई क्रमशः समाधान गर्नेतर्फ लगिने छ । जिल्ला शाखाहरूले प्रवाह गरिरहेका रक्त सञ्चार, एम्बुलेन्स, आँखा अस्पताल, राहत तथा उद्धार, प्राथमिक उपचार जस्ता अत्यावश्यक सेवाको क्षेत्रमा विशिष्टिकरण, विस्तार र स्तरीकरण गरी स्वसञ्चालित र स्वावलम्बी बनाउन स्पष्ट योजना कार्यान्वयनमा ल्याइनेछ ।

१६) विपद् जोखिम व्यवस्थापन, सामुदायिक उत्थानशीलता, वातावरण सुरक्षा, आप्रबासन, वातावरण संरक्षण, मानसिक स्वास्थ्य, समानता, समावेशीकरण जस्ता विषयमा विशेष ध्यान दिई रेडक्रसको अन्तर्राष्ट्रिय महासँघको रणनीति २०३० सँग सादृश्य हुने गरी, नेपाल सरकारको चालु विकास योजनाका साथै दिगो विकास लक्ष्य प्राप्तिको लागि सघाउ हुने गरी आठौ विकास योजना (सन् २०२१-२०२५) को तर्जुमा गरिने छ ।

१७) जनसहभागिता र संलग्नताको लागि विद्यमान संयन्त्रहरूरूलाई सुदृढ गरिने छ । सार्वजनिक सुनुवाई, सञ्चार जगतसँग नियमित भेटघाट, प्रकाशन, गुनासो र पृष्ठपोषणको तत्कालै सम्बोधन जस्ता उपायलाई केन्द्रदेखि उपशाखा तहसम्म चुस्त बनाउन प्राथमिकता दिइनेछ । केन्द्र/प्रदेश/जिल्ला उपशाखाहरूमा अनिवार्यरूपमा नागरिक बडापत्र तयार गरी कार्यान्वयन गरिने छ ।


१८) सेवा तथा कार्यक्रममा स्थानीय जनताको सहभागितालाई जोड दिइने छ र उनीहरूप्रति संस्थाको जवाफदेहिताको लागि स्पष्ट रणनीतिक उपायहरू अपनाइने छ । संरक्षण, लैंगिक समानता र सामाजिक समावेशिता एवं युवा सहभागिता जस्ता विषयलाई संस्थाका हरेक गतिविधिहरूमा उच्च प्राथमिकता दिइने छ ।

१९) कोरोना भाइरस फैलिन नदिन र जोखिममा रहेका तथा रहन सक्ने व्यक्ति वा समूहहरूलाई आवश्यक सहयोग गर्न नेपाल सरकार र सरोकारवालाहरूसँग समन्वय गर्दै सञ्चालित कार्यक्रमलाई प्रभावकारी बनाइने छ । कोभिड-१९ मा अग्रपंक्तिमा रही कार्य गर्नेहरूको सुरक्षा र मनोबल बढाउन थप योजना ल्याइनेछ । कार्यक्रम तथा गतिविधिहरूमा सेवाग्राही, स्वयंसेवक तथा कर्मचारीहरुको स्वास्थ्य सुरक्षालाई ख्याल गरिनेछ । तालिम, बैठक, गोष्ठी, छलफल गर्नु पर्दा सम्भव भएसम्म विद्युतीय माध्यमबाट गर्न प्रोत्साहन गरिने छ ।

२०) संस्थामा भएका विकृति, विसंगतिहरूलाई हटाउन अवलम्बन गर्न सकिने उपायहरु सुझाउन गठित अध्ययन कार्यदलहरू बाट प्राप्त सुझावहरूका आधारमा आवश्यक कार्यान्वयन गरी सुधार गरिनेछ । आर्थिक अनियमिततामा शून्य सहशीलता कायम गर्ने, पदाधिकारी तथा सदस्यहरूले बैठक भत्ता नलिने, स्वयंसेवकहरू तथा कर्मचारीहरूबाट रेडक्रसको आचारसंहिता पालना गर्ने कार्यलाई सुनिश्चित गरिनेछ ।

२१) सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूसँग समाज कल्याण मन्त्रीज्यू समेतको उपस्थितिमा संस्थाका पदाधिकारी सदस्य र उच्च पदस्थ कर्मचारीहरूबाट भएको भेटघाटमा सम्माननीय प्रधानमन्त्रीज्यूले नेपाल रेडक्रसको गरिमा वृद्धिका लागि सरकारले गर्नु पर्ने सम्पूर्ण सहयोग गर्ने बचनवद्धता व्यक्त गर्दै संस्थालाई गतिशिल र पारदर्शी बनाउन दिनु भएको निर्देशनलाई पालना गरिने छ ।

२२) नेरेसोको एउटा अनुशासित, मानवसेवा प्रति प्रतिवद्ध पहिचानलाई सुदृढ गर्दै संस्थागतरूपमा असल संस्कृतिको विकास गरिने छ । विभिन्न तहमा सञ्चालन गरिने गतिविधि, कार्यक्रममा मदिराजन्य र कार्यालयभित्र सूर्तिजन्य पदार्थको सेवनलाई निषेध गरिएको छ । यसका साथै महिला हिंसा, बालहिंसा, घरेलु हिंसा तथा शारीरिक र मानसिक यातनालगायतका पक्षहरूलाई पूर्णरूपमा निषेध गरिएको छ । आचार-संहिताको उल्लंघन भएमा शून्य सहनशीलताको नीति अपनाइने छ ।





## ग) संस्थाको विद्यमान अवस्थाको सन्दर्भ

### १. सांगठनिक अबस्था

(अ) संस्थामा दुई लाख २४ हजार बैधानिक वयस्क सदस्यहरू मूलतः उपशाखा तथा जिल्ला शाखामा र आठ लाख ५२ हजार जुनियर तथा युवा सदस्यहरू विभिन्न शैक्षिक संस्थाहरू र समुदायमा आधारित रहेका छन् । हाल संस्थामा रहेको परम्परागत विवरण व्यवस्थापन प्रणालीलाई सुधार गरी विद्युतीय विवरण प्रणालीमा लगिने छ ।

(आ) हाल नेरेसोका १,५३७ उपशाखा, ७७ जिल्ला शाखा, सात वटा प्रदेश समिति र एक केन्द्रीय समिति रहेका छन् । यस अलावा ४,५०३ जुनियर सर्कल, समुदायस्तरमा १९३ र उच्च शिक्षालयहरूमा १,५५९ युवा सर्कल गरी आठ हजारभन्दा बढी नेपाल रेडक्रसका निकायहरू क्रियाशील रहेका छन्, जसलाई संस्थामा रहेको परम्परागत विवरण प्रणालीलाई सुधार गरी विद्युतीय विवरण प्रणालीमा लगिने छ ।

### २. आर्थिक अबस्था र स्रोत साधनको प्रयोग

(अ) नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय रक्त सञ्चार सेवामा आव २०७१/७२ देखि २०७५/७६ सम्ममा जम्मा आम्दानी रू. २८,३४,१२,९५३, खर्च रू.३५८९२५८७८।२६ र बचत (घाटा) नोक्सान रू. (७,५५,१२,९२४।८०) रहेको छ । रक्त सञ्चार सेवालाई लागत पुनर्लाभ (Cost Recovery Service) प्रभावकारी बनाउन विशेष जोड दिइने छ । अनावश्यक कर्मचारी भर्ना, नीतिगत योजनाका अभाव, सामग्री खरीद जस्ता कार्यलाई पारदर्शी बनाई रक्त सञ्चार सेवालाई प्रभावकारी एवं नियमित बनाइने छ । जनताको स्वास्थ्यमा प्रत्यक्ष सरोकार राख्ने रक्त सञ्चार सेवा कार्यलाई प्रभावकारी बनाउन नेपाल सरकारसँग आवश्यक समन्वय तथा साझेदारी गरिने छ । त्यसैगरी क्षेत्रीय रक्त सञ्चार केन्द्र र जिल्ला रक्त सञ्चार केन्द्रहरूको व्यवस्थापनमा प्रदेश सरकार र स्थानीय सरकारसँग नीतिगत रूपमा व्यवस्थापन हुने गरी काम अगाडि बढाइने छ । सेवाको गुणस्तर बृद्धि, स्तरीकरण, थप सेवाको विकास र विस्तार गरिनेछ ।

(आ) गत आर्थिक बर्षमा जनकपुर आँखा अस्पतालको आय रू. ६ करोड ८८ लाख र खर्च रू. सात करोड एक लाख भई जम्मा रू. १३ लाख घाटा भएको छ, भने सुर्खेत आँखा अस्पतालको आय रू. चार करोड ४४ लाख र खर्च रू. चार करोड ९२ लाख भई रूं ४७ लाख घाटा रहेको देखिन्छ । प्रत्येक वर्ष यी क्षेत्रमा घाटा जानुको कारण पत्ता लगाई नीतिगतरूपमा गर्नु पर्ने सुधारमा ध्यान दिई प्रदेश सरकार र स्थानीय सरकारसँग समन्वय गरी आवश्यक कार्य अगाडि वढाइने छ ।

(इ) संस्थाको साधारणतर्फको आय-व्यय विवरणअनुसार गत आ.ब.मा २२ करोड ८३ लाख रूपैँया आम्दानी भई २६ करोड ७३ लाख खर्च भएको छ । जसअनुसार आ.व. ०७६/०७७ मा संस्था तीन करोड ९० लाख रूपैँया घाटामा गएको देखिन्छ । संस्थामा हुने सवारी साधनको इन्धन खर्च, मसलन्द खर्च, विलासिताका सामग्री सम्बन्धी खर्चहरू यातायात खर्च र दैनिक कार्यालय सञ्चालन खर्चहरूलाई कटौती गरी आवश्यकतामा आधारित प्रभावकारी योजना र खर्च व्यवस्थापमा जोड दिई कार्य गरिने छ ।

(ई) संस्थाका कोषहरूमध्ये पूँजी कोषमा १७ करोड ५८ लाख, अक्षय कोषहरूमा चार करोड ६२ लाख, सञ्चालन प्रकृतिका कोषहरूमा ५५ करोड ६० लाख, सामग्री (राहत तथा अन्य) सञ्चित कोषमा २३ करोड ६९ लाख, प्राथमिक उपचार कोषमा एक करोड ४४ लाख, उपदान कोषमा १८ करोड ९१ लाख र आय-व्यय सञ्चित कोषमा १४ करोड ४५ लाख रहेको छ ।

### ३. सवारी साधन

(अ) केन्द्रीय कार्यालयको नाममा दुई वटा ट्रक, एक वटा आकस्मिक भ्यान, एक वटा माइक्रोबस, पाँच वटा पिकअप भ्यान, एक वटा रक्त सङ्कलन भ्यान र १९ वटा जीप, कार रहेका छन् । यसरी २९ वटा विभिन्न खालका सवारी साधनहरूमध्ये १७ वटा केन्द्रीय कार्यालयमा दैनिक सञ्चालनमा रहेका छन्, रक्त सञ्चारको लागि चार वटा सवारी साधन छुट्याइएको छ र एउटा दुर्घटनाग्रस्त सवारी साधन मर्मत गर्नुपर्ने अवस्थामा रहेको छ । ६ वटा सवारी साधन जिल्ला शाखालाई उपलव्ध गराउने वा लिलाम गर्नुपर्ने भनेर छुट्याइएको छ र अर्को एक सवारी साधन नेपालगञ्ज हब अफिसलाई उपलव्ध गराइएको अवस्था छ । आवश्यकताको आधारमा केन्द्रीय कार्यालयमा न्यूनतम सवारी साधन राखी बाँकी प्रदेश कार्यालयमा पठाइने छ । साथै एक वटा घुम्ती रक्त संकलन गर्ने अत्याधुनिक सवारी साधनको उपलब्धताको लागि दाताहरूसँग सहयोग उपलव्ध गराउनका लागि अनुरोध र सहकार्य गरिने छ ।

(आ) नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयमा जम्मा २४२ वटा मोटरसाइकल रहेकोमा ५७ वटाको कर चुक्ता गरी नवीकरण गर्नुपर्ने वा लिलाम हुनुपर्ने अवस्थामा रहेका छन् । यसका अलावा भूकम्प प्रतिकार्य अन्तर्गत जिल्ला शाखाहरूको लागि पठाइएको चारपाङ्ग्रे सवारी साधन १३ थान र ६२ वटा मोटरसाइकलहरूको दायित्व तथा स्वामित्व समेत शाखाको नाममा हस्तान्तरण हुने गरी नामसारी गर्न अघिल्लो कार्यसमितिकै समयमा निर्णय भइसकेको छ । जसलाई कार्यान्वयनमा लान तत्काल कार्य सुरू गरिने छ ।

(इ) सवारी साधन प्रयोगको नियमावली पुनराबलोकन र आवश्यकताबमोजिम संशोधन गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

**४. भवन, जग्गा र गोदामघरहरू**

**(क) कार्यालय भवन, आयआर्जन भवन तथा गोदामघरहरू**

(अ) नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयको नाममा रहेको नौ रोपनी १२ आना क्षेत्रफलको काठमाडौँको रेडक्रसमार्ग कालीमाटीस्थित केन्द्रीय कार्यालय हाताभित्र पक्की, प्रिफ्याव तथा टहरा गरी आठ वटा भवनहरू कार्यालय, रक्त सञ्चार सेवा र गोदाम प्रयोजनको लागि प्रयोग हुँदै आएको छ । काठमाडौँकै भृकुटीमण्डप तथा बागबजारमा रहेका तीन वटा भवन आय आर्जनमा लगाइएको छ भने आकस्मिक रक्त सञ्चार सेवाको लागि बालकुमारीमा अस्थायी भवन रहेको छ । बनेपामा तालिम प्रयोजनका लागि चार वटा भवन रहेका छन् । काठमाडौँ, ललितपुर र बनेपामा संस्थाको नाममा रहेको ३६-७-६-१ रोपनी क्षेत्रफल जग्गामध्ये १९ -७ -१-० रोपनी क्षेत्रफल जग्गा शरणार्थी प्रयोजनको लागि उपयोग भइरहेको र संस्थाले आफ्नो लागि उपयोग नगरेको जानकारी गराउँदछौं । त्यस्तै पोखरामा रहेको १८८ -११-१-२ रोपनी जग्गा तिव्बतियन क्याम्प र आयआर्जन भवनको लागि प्रयोग भइरहेको छ । त्यस्तै झापामा रहेको चार वटा कित्ता जग्गामा बृक्षारोपण गरिएको छ ।

(आ) नेरेसोको केन्द्रीय कार्यालयको नाममा बीरगञ्ज, बिराटनगर, इटहरी, उदयपुरको कटारी, कास्कीको पोखरा, रूपन्देही, नेपालगञ्ज, कञ्चनपुरको महेन्द्रनगरमा क्षेत्रीय वा उपक्षेत्रीय गोदामघरहरू रहेका छन् । त्यस्तै, आय आर्जनको लागि विभिन्न स्थानमा आठ वटा भवन रहेका छन्, जसबाट मासिक करिब २० लाख रूपैया आम्दानी हुने गरेको छ । इटहरीमा रहेको १-१८-२५-० रोपनी जग्गा आयआर्जन र ग्यारेजको रूपमा प्रयोग भइरहेको छ भने नेपालगञ्जमा थप एक गोदामघर र एक आयआर्जन भवन निर्माणाधीन छ ।

उल्लिखित भवन तथा जग्गाहरूको विवरण संकलन गरी व्यवस्थित आयआर्जनको लागि कार्य थालनी गरिने छ । दाताहरू तथा संघीय, प्रदेश तथा स्थानीय सरकारहरूसँग समन्वय गरी जग्गा तथा भवनहरूमा भएका समस्याहरूको समाधान गरिने छ ।

**(२) निर्माणाधीन भवनहरू र अवस्था**

(अ) भूकम्पबाट क्षतिग्रस्त भएपश्चात् प्रदर्शनीमार्ग, भृकुटीमण्डपबाट सञ्चालित केन्द्रीय रक्त सञ्चार सेवा अहिले रेडक्रसमार्ग, कालीमाटीको अस्थायी भवनवाट सञ्चालित छ । प्रदर्शनीमार्गमा रहेको ३७८१.९२ बर्गमीटर क्षेत्रफल जग्गामा पाँच तले स्थायी भवन थाई रेडक्रसको आर्थिक र प्राविधिक सहयोगमा निर्माणाधिन छ । सन् २०१८ को जनवरीदेखि कार्य सुरू हुने र १८ महिनामा निर्माण समाप्त गर्ने गरी प्राविधिक उपयुक्तता र प्रतिस्पर्धाको रकमको आधारमा केन्द्रीय कार्यसमितिको निर्णयबमोजिम लामा निर्माण कम्पनी (Lama Construction Company Pvt. Ltd.) सँग रू. २१ करोड ७४ लाख ७३ हजार रकम (भ्याट समेत) मा निर्माणको सम्झौता गरिएको थियो । विविध कारणले समयमा निर्माण हुन नसकेकाले तत्कालीन कार्यसमितिले दुई पटक निर्माण सम्पन्न गर्ने अवधि थपेको छ । करिव ९० प्रतिशत भौतिक निर्माण कार्य सम्पन्न भइसकेकोले अब यो बर्षको अक्टोबरमा निर्माण सम्पन्न हुने अपेक्षा गरिएको छ ।

गुणस्तर कायम गर्न प्रतिस्पर्धाको आधारमा छनौट गरिएको डिजिकन कन्सल्ट्यान्सी (Digicon Engineering Consultancy - United Nepal Engineering Consultants J/V") ले सेवाको लागि उपयुक्त हुने भवनको डिजायन गरी सो बमोजिम कार्य व्यवस्थापन र सुपरीवेक्षण गरिरहेको छ । त्यसैगरी थाई रेडक्रसले न्यू होराइजन कन्सल्ट्यान्सी (New Horizon Construction and Management consultancy) लाई अन्तर्राष्ट्रिय परामर्शदाता पनि नियुक्त गरेको छ ।

**अन्य निर्माणाधीन भवनहरूको अवस्थाको बारेमा संक्षेपमा तल तालिकामा राखिएको छ ।**

| क्र.सं. | निर्माण सम्झौता गरिएको कम्पनी | भवनको नाम | मुल्य अभिबृद्धि करसहित सम्झौता रकम |
|---|---|---|---|
| १. | Lama Construction Pvt. Ltd. | केन्द्रीय गोदामघर, भक्तपुर | आठ करोड ६९ लाख ४३ हजार |
| २. | Paradise Builders | मेलम्ची स्कूल, सिन्धुपाल्चोक | तीन करोड १६ लाख ४८ हजार |
| ३. | Jay Durge Nirman Sewa | नेपालगञ्ज गोदामघर तथा आय आर्जन भवन, पसलकवल | तीन करोड ४९ लाख ९१ हजार |
| ४. | Chainlink Engineering | सिन्धुपाल्चोक जिल्ला शाखा भवन | एक करोड २४ लाख ३९ हजार |

उल्लिखित भवन निमार्णका सन्दर्भमा भेरियसनको कुराहरू पेचिलो तरिकाले उठेको अवस्था छ । उजुरहरू पनि विभिन्न निकायमा परेको अवस्था छ । जसको लागि आवश्यक छलफल तथा सत्यतथ्य बुझी अगाडि वढिने छ ।

भूकम्प प्रतिकार्यको लागि प्राप्त बजेटबाट सञ्चालन भएका उल्लिखित भवन निर्माणहरूको सम्झौताबमोजिम कार्य अवधि सबैको समाप्त भएको अवस्था छ । भूकम्प प्रतिकार्य कार्यक्रम समाप्त भएको अवस्था समेत रहेकोमा के कति कारणबाट निर्माण कार्य समयमै सम्पन्न नभएको हो ? सो को कारण पत्ता लगाई दाताहरू, परामर्शदाताहरू तथा निर्माण व्यवसायीहरूसँग बसी थप गरिएको समयमा निर्माण कार्य सम्पन्न गर्नको लागि कार्य योजना बनाई लागू गरिने छ ।

## ५. सेवा तथा कार्यक्रम

विपद् पूर्वतयारी र न्यूनीकरण, विपद् तथा संकट प्रतिकार्य, रक्त सञ्चार सेवा, एम्बुलेन्स सेवा, आँखा अस्पताल र आँखा उपचार केन्द्रहरूका अलावा सङ्गठनात्मक विकास, स्वयंसेवक व्यवस्थापन र विकास, पारिवारिक सम्पर्क पुनःस्थापना सेवा, आपत्कालीन सहयोग, प्राथमिक उपचार सेवा, सामुदायिक विकास, रेडक्रस प्रचारप्रसार, सिद्धान्त तथा मानवीय मूल्य प्रवर्द्धन, सुरक्षित पहुँच, हटलाइन ११३०, जुनियर तथा युवा संगठन बिकास, सवलीकरण, आपत्कालीन स्वास्थ्य पूर्वतयारी तथा प्रतिकार्य, आर्थिक विकास, स्रोत विकास, जनशक्ति विकास र जनशक्ति प्रतिष्ठानजस्ता नियमित कार्यक्रमहरू नेपाल रेडक्रसबाट सञ्चालन भई आएका छन् । यसका अलावा स्वास्थ्य प्रबर्द्धन अभियान तथा स्वास्थ्य सेवा शिविरहरू, खोप अभियान र सर्पदंश सेवा, शबहरूको मर्यादित व्यवस्थापनजस्ता गतिविधिहरू पनि सञ्चालन हुँदै आइरहेका छन् ।

उल्लिखित कार्यहरूलाई जनमानसमा अझ विश्वसनीय र पारदर्शी बनाउनको लागि नीतिहरू तय गरिने छ। सार्वजनिक सुनुवाई, कार्य लागत अनुमोदनजस्ता कार्यलाई प्राथमिकताका साथ राखी रेडक्रसको विश्वसनियतामा वृद्धि गरिने छ ।

## ६. नेपाल रेडक्रसका विशेष सेवाहरूसम्बन्धी थप विवरण र भावी योजना

**(अ) रक्त सञ्चार सेवा :** केन्द्रीय रक्त सञ्चार सेवा, चार वटा क्षेत्रीय, १९ जिल्ला स्तरीय , ४६ वटा आपत्कालीन युनिटबाट सेवा प्रवाह भइरहेको छ। त्यस्तै ४६ वटा अस्पताल युनिटबाट पनि यो सेवा सञ्चालन भएको छ। देशभरीमा गत बर्ष २,३८,८३६ युनिट रगत संकलन ३,२१,७७६ युनिट रगत र रक्ततत्व वितरण भएको थियो । गुणस्तरमा बृद्धि गरी र सेवालाई प्रभावकारी बनाउँदै **तत्काल रगत** प्राप्त गर्ने वातावरण तय गरिने छ। त्यसको निमित्त रक्तदाता स्वयंसेवी संस्थाहरू, सुरक्षा निकायहरू, स्थानीय तह, विभिन्न क्लब, विद्यालय, विश्वविद्यालयहरू, देशमा रहेका विभिन्न राजनीतिक दल र तिनीहरूका भातृ संगठनहरूसँग सहकार्य गरिने छ । यसको प्रचारप्रसारको निमित्त विभिन्न टेलिभिजन, रेडियो र पत्रपत्रिकाहरूसँग आवश्यक सहयोगको लागि अपिल गरिने छ । सेवा विस्तारको निमित्त आवश्यकताको आधारमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय निकायसँग नीतिगत रूपमानै दीर्घकालीन रूपमा सञ्चालन हुनसक्ने वातावरण तय गरिने छ ।

**(आ) एम्बुलेन्स सेवा :** ६९ जिल्लाका २४७ वटा स्थानबाट सञ्चालनमा रहेको एम्वुलेन्स सेवाले गत वर्ष ५८ हजारलाई सेवा पुऱ्याइएको अवस्था छ । भौगोलिक अवस्थालाई मध्यनजर गरी एम्बुलेन्स सेवा विस्तारको रणनीति तय गरिने छ । हाल सञ्चालनमा रहेका एम्बुलेन्सहरूको स्तर वृद्धि गरी “ख“ र “ग“ श्रेणीका एम्बुलेन्स

सञ्चालनमा विशेष ध्यान दिइने छ। एम्बुलेन्स सञ्चालनका लागि विशेष नीति तय गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन जिपिएस सिस्टम जडान गरिने व्यवस्था मिलाइने छ।

**(इ) आँखा स्याहार :** श्री जानकी आँखा अस्पताल, जनकपुरधाम र सुर्खेत आँखा अस्पताल, सुर्खेतसहित विभिन्न जिल्लामा १९ उपचार केन्द्र सञ्चालनमा रहेका छन। गत वर्ष २,१९,९९० जनालाई आँखा सेवा दिइएको थियो। आँखा स्याहार केन्द्रहरूलाई प्रभावकारी र व्यवस्थित रूपमा सञ्चालन गर्न विद्युतीय विवरण व्यवस्थापनलाई विशेष ध्यान दिई कार्य अगाडि बढाइने छ।

**(ई) परियोजनाको अवस्था**: नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयबाट हाल ५१ वटा विभिन्न परियोजनाहरू सञ्चालित छन् र ती मध्ये ३४ वटा परियोजना सन् २०२० मा समाप्त हुने अवस्थामा छन्। ३४ वटा परियोजना समाप्ति भएपछि हुने जनशक्ति व्यवस्थापनको लागि विषेश ध्यान दिइने छ। र दाता, दातृ निकायहरूलाई परियोजनाको सम्भावित क्षेत्र पहिचान गरी आवश्यक छलफल थालिने छ। रेडक्रसबाट विकासका कार्यक्रमको सेवा प्रवाहमा थप गरी लाभान्वितहरूको गत वर्षको २५ लाख संख्या भन्दा वढोत्तरी गरिने छ।

**(ए) गोदामघर र सामग्रीको अवस्था :** हाल सोसाइटीले एक केन्द्रीय, ५ वटा क्षेत्रीय र ६ वटा उपक्षेत्रीय गरी १२ वटा स्थानमा राहत सामग्री भण्डारण गर्ने व्यवस्था मिलाएको छ। १२ वटा गोदामघरमा ३६ हजार परिवारलाई राहत सामग्री तयारी अवस्थामा राख्ने व्यवस्था मिलाइएको हो। हाल सोसाइटीमा १२,०१८ परिवारलाई पुग्ने राहत सामग्री मात्र रहेको छ। तसर्थः राहत सामग्रीको पूर्ण मौज्दातका लागि व्यवस्थापनतर्फ नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय निकायसँग साझेदारी गरी नीतिगत रूपमा नै व्यवस्थापनको लागि पहल गरिने छ।

## ७. विपद् प्रतिकार्यको लागि तालिम प्राप्त जनशक्ति

विपद्मा सामुदायिक पहलकर्ता (क्याडरे) मा ५,५८७ जना, प्राथमिक उपचारकमा १४,०१६ जना, प्राथमिक उपचार प्रशिक्षकमा ८३३ जना, जिल्ला विपद् प्रतिकार्य दल (क, ख र ग बर्गका) मा ७,६३३ जना, राष्ट्रिय विपद् प्रतिकार्य दलमा ४३१ जना, वास प्रतिकार्यमा १,७६२ जना, आपत्कालीन जनस्वास्थ्यमा ३० जना, आवाससम्बन्धी २२० जना, नगद प्रवाहसम्बन्धी ४० जना, पारिवारिक सम्पर्क पुनःस्थापनामा ३०४ जना, विपद् लेखाजोखा र समन्वय समूहमा ८४ जना गरी हाल **३०,९४० जना** नेपाल रेडक्रस सोसाइटीबाट तालिम प्राप्त दक्ष जनशक्ति रहेका छन्। दक्ष जनशक्ति तत्काल परिचालनको लागि विद्युतीय व्यवस्थापन प्रणाली अवलम्बन गरिने छ। र, प्रत्येक स्थानीय तहमा कम्तीमा पाँच जना प्राथमिक उपचारक स्वयंसेवकहरूको उपलव्धता हुने गरी कार्य गरिने छ।

## ८. कोभिड प्रतिकार्य गतिविधि र सेवा

विश्व स्वास्थ्य संगठनले विश्वव्यापी महामारी घोषणा गरेको र नेपाल सरकारले पनि यसको नियन्त्रण र रोकथाममा बन्दाबन्दी, निशेषाज्ञाजस्ता कडा कदम चालेको अवस्थामा पनि भौतिक दुरी कायम गर्दै कोरोना भाइरस फैलिन नदिन र जोखिममा रहेका तथा रहन सक्ने मानिसहरूलाई आवश्यक सहयोग गर्न नेपाल रेडक्रसका केन्द्रदेखि गाउँ तहसम्मका स्वयंसेवक तथा कर्मचारीहरू देशैभरी सक्रिय भएका छन्। यस कार्यमा नेपाल सरकार, स्वास्थ्य मन्त्रालय तथा यसका मातहतका निकायहरू, प्रदेश, जिल्ला तथा स्थानीय एवं सुरक्षा निकाय, संयुक्त राष्ट्रसंघीय निकायहरूलगायत परोपकारी व्यक्ति र संस्थाहरूबाट सहयोग प्राप्त भएको छ। यस कार्यक्रममा विभिन्न क्षेत्रसँग समन्वय बढाइने छ। स्वास्थ्य सेवा तथा हेरचाह, पानी, सरसफाइ तथा स्वच्छता, जोखिम बारेमा सञ्चार, सामुदायिक संलग्नता, क्वारेन्टिनमा सहयोगका साथै संरक्षण, लैंगिकता तथा समावेशीकरणजस्ता क्षेत्रमा नेपाल रेडक्रसले १५ लाख मानिसहरूसमक्ष सेवा पुऱ्याइसकेको छ। बढी संक्रमण देखिएका र उच्च जोखिममा रहेका २१ जिल्लाहरूलाई लक्षित गरी कोरोना महामारी रोकथाम तथा पूर्वतयारीलाई परियोजनाकै रूपमा सेवा कार्य अघि बढाइएको छ।

कोभिड-१९ बिरामीको ओसारपसारका लागि दुई सय ४३ वटा एम्बुलेन्स परिचालन गरिएको छ। मनोसामाजिक सहयोग एक हजार सात सय ३४ जनालाई प्रदान गरिएको छ। मास्क, ग्लोब वितरण, स्यानिटाइजर तीन लाख चार हजार तीन सय आठ जनालाई वितरण गरिएको छ भने पारिवारिक सम्पर्कको पुनःस्थापना सहयोग ५२८ जनालाई गरिएको छ। त्यस्तै क्वारेन्टिनमा सामग्री वितरण (कम्बल, टेण्ट, झुल, त्रिपाल आदि) प्रायः ७७ जिल्लामा नै भएको छ। जनचेतनामूलक कार्यहरू, घर दैलो कार्यक्रमका साथै पैदल यात्रुहरूलाई पानी तथा विस्कुट आदिको व्यवस्था गरिएको छ।

कोभिड-१९ को वढ्दो प्रभावलाई न्यूनीकरण गर्नको लागि सचेतनामूलक कार्य गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहसँग साथै दाताहरूसँग सहकार्य गरी अझ प्रभावकारी रूपमा सेवा प्रवाह गर्न आवश्यक कार्य सुरू गरिने छ।

अन्त्यमा: संस्थाको बैधानिक बाटो भनेको संस्था दर्ता ऐन, २०३४ र समाज कल्याण परिषद् ऐन, २०४९ अनुसार आवद्ध हाम्रो संस्था परिषद्को ऐन, नियमले निदिष्ट गरेका कानुनी आधारहरू पूरा गरी संस्था दर्ता, नवीकरण गराई संस्था सञ्चालन हुनु पर्दछ । सो प्रकृयाबाट लामो समयदेखि विचलित भएको अवस्थामा हामी रेडक्रसकर्मी रहेका छौ । सामान्य कानुनी आधारहरू पूरा गर्न नसक्नुले संस्था नै अस्तित्वको संकटमा पुगेको अवस्था छ । यस्तो अवस्थामा रेडक्रस सबै प्रदेश समिति, जिल्ला शाखा, उपशाखाहरू एकजुट भई संस्थालाई कानुनी बाटोबाट अगाडि वढाउन आवश्यक सहयोग गर्न र संस्था नवीकरणको बाटो अविलम्ब तय गर्न अनुरोध गर्दछौ । तदर्थ समितिको मूल काम भनेको संस्थालाई कानुनी आधार पूरा गरी निर्धारित मितिमा निर्वाचन गराउनु भएको हुनाले यस कार्यमा सबैको सामूहिक प्रयास र सहयोगको लागि हार्दिक अपिल गर्दछौ ।

नेरेसोको यस केन्द्रीय तदर्थ समितिलाई कानुनी, वैघानिक आधारहरू तय गर्नको लागि नेपाल सरकार, सम्बन्धित निकायहरू र आम सञ्चार जगतबाट सहयोग प्राप्त हुने पूर्ण विश्वास गर्दछौँ । सवै साझेदारहरूको चासो र चिन्तालाई यो तदर्थ समितिले गम्भीरताका साथ लिएको जानकारी गराउँदै नेरेसोसँग सहकार्य बढाई संकटको अवस्थामा रहेका नेपालीहरूलाई गरिआएको सहयोगलाई बढोत्तरी गराउन सहयोग गरिदिनुहुन समेत अनुरोध गर्दछौँ ।

जय रेडक्रस ।